# पोषणमा अग्रसर हुँदै आमाहरू

February, 2017

## सफलताको कथा

‘T



*पर्सा जिल्लामा बहु क्षेत्रिय पोषण योजना लागु भएसँगै विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् । पोषणसम्बन्धी केही चेतनामूलक कार्यक्रमले ग्रामीण तथा विपन्न समुदायका महिलाहरूमाझ पुऱ्याएको सकारात्मक प्रभावको एक नमुना :*

मधुवन मथवल गाविस पर्सा जिल्लाको दुर्गम गाविसमध्ये एक हो । यो गाविस जिल्ला सदरमुकाम देखि लगभग ३० किलोमिटर पश्चिममा पर्दछ । सन् २०११ जनगणनाको तथ्यांक अनुसार यस गाविसको कुल जनसंख्या ६७८३ र कुल घरधुरी १२४६ रहेको छ, जस अन्तर्गत जम्मा महिलाहरूको संख्या ३३८९ रहेको छ भने पुरुषहरूको संख्या ३३९४ रहेको छ ।

पर्सा जिल्लामा मिति २०७० आषाढ १४ गते देखि ६६ गाविस मध्ये २१ गाविसहरुमा बहु क्षेत्रिय पोषण योजना लागु भईरहेको छ । उक्त २१ गाविसहरू मध्ये गाविस मधुवन मथवल पनि लक्षित गाविसहरु मध्ये एक हो । मधुवन मथवल गाविस **Disadvantaged Group (DAG) Mapping** अनुसार ४ स्थान अर्थात यस गाविसमा Disadvantaged Group अर्थात पिछडिएको वर्गको संख्या अत्यन्त अधिक मात्रामा रहेकोले उक्त गाविस बहुक्षेत्रिय पोषण योजनाको लागि छनौट भएको हो ।

मिति २०७३ पुष १६ गते गाविसमा सञ्चालित भएको २०७३/०७४ को संसोधित योजना तर्जुमा कार्यक्रममा पर्सा जिल्लामा कार्यरत ब.हु.पो.यो.का सरोकारवाला निकायहरूबिच सामाजिक विकासका लागि पोषणको आवश्यकता र ब.हु.पो.योको गाविस तहमा भएका विभिन्न वर्गका किशोरी, महिला तथा आमाहरूमाझ पुग्ने फाईदा भन्ने विषयमा छलफल भएको थियो ।

महिलाको लागि आरक्षित रकम छुट्टाइएको थियो, जसबाट सम्पूर्ण मधुवन मथवलका महिलाहरूले र गाविस सम्बन्धित व्यक्तिहरुले त्यस मध्येबाट यस गाविसका दलित आमा, किशोरीहरूलाई पोषण र सरसफाई बारेमा अभिमुखिकरण गर्ने भनि छलफल तथा निर्णय गरेका थिए ।

माथिका निर्णय अनुरुप २०७३ माघ १७ र १८ गतेको दिन पर्सा जिल्लाको गाविस मधुवन मथवलमा गाविसको आयोजनामा गाविसमा भएका दलित आमा र किशोरीहरुको सहभागितामा २ दिने पोषण सम्बन्धि अभिमुखिकरण काय ´क्रम संचालन भएको छ । उक्त कार्यक्रम जिल्ला विकास समिति पर्सामा कार्यरत बहुक्षेत्रिय पोषण योजनाका जिल्ला संयोजक ज्ञानेन्द्र दवाडी र यो जना, अनुगमन र सूचना व्यवस्थापन अधिकृत सुशिल कुमार साहले सहजिकरण गरेका थिए । उक्त कार्यक्रममा पोषण के हो, यसबाट हुने फाईदाहरू, स्थानिय तहमै कसरी पोषणयुक्त खाना खान सकिन्छ, देश तथा जिल्लामा पोषणको अवस्था, सरसफाइ खुल्ला दिशा मुक्त अभियान आदिबारे सहभागीहरूलाई जानकारी गराएका थिए भने कार्यक्रममा पोषणबारे २० मिनेटको श्रव्य दृश्य सामाग्री प्रदर्शन गरिएको थियो ।



गाविस तहमै दलित आमा तथा किशोरीहरुलाई लक्षित गरी हाल सम्म पहिलो पटक संचालन भएको उक्त कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो ।

**दलित आमाहरू आफूले पोषणसम्बन्धि पहिलो पटक अभिमुखिकरण पाएको र आफुले सिकेको ज्ञानलाई आगामी दिनमा व्यवहारमा उतार्ने र अरू छरछिमेकीलाई पनि उक्त कुराहरूले कसरी आफना बालबालिकालाई बढि भन्दा बढि फाईदा हुनेरहेछ भन्ने विषयमा जानकारी गराउने र हजार दिनलाई सुनौलो बनाउने त हाम्रै हातमा पो रहेछ, पहिला नै यस्ता कुराहरू थाहा पाएको भए हाम्रो बच्चा पनि अझ राम्रो हुने थियो, अबका दिनहरूमा सिकेका कुराहरुलाई लागु गर्नेछौ भन्ने कुरा व्यक्त गरेका छन् । पोषण युक्त खाना खाई आफू र आफनो बालबालिकाहरुलाई बढि भन्दा बढि फाईदा हुने कुरा बताएका छन् र किशोरीहरूले सरसफाई प्रति बढि जानकारी हासिल गरेको बताएका छन् । गाविस सचिव प्रदिप रिजालले पहिलो पटक आयोजना भएको उक्त कार्यक्रम बेलाबेलामा संचालन हुन सके गाविसमा भएका महिला तथा किशारीहरुको पोषणको अवस्थामा सुधार आई गाविस नै पोषण युक्त गाविस बन्न सक्छ भन्ने धारणा व्यक्त गरे ।**

---

*बहु क्षेत्रीय पोषण योजनाको सफल कार्यान्वयनका लागि युरोपियन युनियन र युनिसेफको सहयो गमा सञ्चालित यस कार्यक्रममा हर्डद्वारा परिचालित जिल्ला संयोजक तथा योजना, अनुगमन र सुचना व्यवस्थापन अधिकृतले यसरीनै अन्य २७ जिल्लामा पोषणलाई जिल्ला तथा गाविस तहसम्मका योजनाहरुलाई मूलधारमा ल्याउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सहयोग गरिरहेका छन् ।*

---

प्रस्तुतिकरण : ज्ञानेन्द्र दवाडी र सुशिल कुमार साह, ब.हु.पो.यो. टोली, पर्सा